# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

योजना शाखा

प.सं./योजना : २०७६/०७७ मिति:२०७६/१०/२९

च. नं. : ३१९४

श्री वडा कार्यालय सबै, (१-१९)

धनगढी उप-महानगरपालिका,

धनगढी, कैलाली ।

**बिषय: निर्णय कार्यान्वयन सम्बन्धमा |**

प्रस्तुत विषयमा यस धनगढी उप-महानगरपालिका बाट चालु आ.व. २०७६/०७७ मा वडास्तरमा उपभोक्ता समिति मार्फत संचालन गरिने वडा स्तरीय पूर्वाधार तर्फका निम्न बमोजिमका योजनाहरु नगरकार्यपालिकाको ३८औं कार्यपालिकाका बैठकबाट परिवर्तन, संशोधन एवं एकीकरण भएकोले सो निर्णयको प्रमाणित प्रतिलिपि थान-१ **(नि.न. १० र नि.न. २९)** यसै पत्र साथ संलग्न राखी कार्यान्वयनको लागि पठाएको व्योहोरा जानकारी गरिन्छ |

साथै, योजनाको कार्यान्वयनका लागि गठित भएका उपभोक्ता समितिहरुलाई वडा कार्यालयबाट योजना सम्झौता गर्ने व्योहोराको सिफारिसपत्र सिफारिस भई आउँदा ***उपभोक्ता समिति गठन, परिचालन, तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४*** बमोजिम पुरा गर्नुपर्ने दायित्व, रीत एवं प्रकिया तथा निजहरुले सम्झौताको लागि पुरा गर्नुपर्ने **तपशिल** बमोजिमका आवस्यक कागजात ***"सेवा प्रवेसबिन्दु"*** वडा कार्यालयमै चेकजाँच गरि ***"सेवा प्रवाहमा सहजता, गुणस्तरियता र एकरुपता"*** प्रदान गरिदिन अनुरोध गरिन्छ |

साथै, उक्त परिमार्जित योजनाहरुलाई सुत्र प्रणालीमा प्रचलित कानुन बमोजिम प्रतिकुल नहुने गरि आवद्ध (Admittance) गरि सोको जानकारी योजना शाखालाई समेत दिनहुन धनगढी उप-महानगरपालिकाको आर्थिक प्रशासन महाशाखालाई विशेष अनुरोध छ |

सत्य राज जोशी

**योजना शाखा प्रमुख**

सत्य राज जोशी

योजना अधिकृत

**तपशिल:**

**१. वडा अधक्ष्य वा अख्तियार प्राप्त जनप्रतिनिधिको रोहबरमा आमभेला बाट गठित उपभोक्ता समिति र एक जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि**

**२. उपभोक्ता समितिको तर्फबाट सम्झौताको लागि जिम्वेवार पदाधिकारी ताकिएको उपभोक्ता समितिको निर्णय**

**३. उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपि**

**४. योजनाको लागत अनुमान (Cost Estimation): सम्बन्धित वडा हेर्ने प्राबिधिकसँग सम्पर्क गर्ने |**

**५. अन्य काम कारवाही र प्रक्रिया प्रचलित कानून तथा उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४ बमोजीम गरिएको हुनुपर्ने |**

**बोधार्थ:**

**श्रीमान नगरप्रमुख ज्युको सचिवालय, धनगढी उप-महानगरपालिका, कैलाली |**

**श्रीमान नगर उप-प्रमुख ज्युको सचिवालय, धनगढी उप-महानगरपालिका, कैलाली |**

**श्री आर्थिक प्रशासन महाशाखा/शहरी विकास तथा पूर्वाधार शाखा/ आ.ले.प शाखा |**

**श्री सुचना प्रबिधि शाखा** : पत्रलाई सम्पूर्ण वडा कार्यालयहरुमा **Email** गर्न हुन | साथै, **Website** मा सुचना upload गर्न हुन |

| | | | |
|---|---|---|---|
| २ | ३११५३ | भादा होमस्टेको सडक वत्ती जडान खर्च | ५००,०००। |
| ३ | ३११५३ | सुधारिएको चुलो | १,००४,०००। |

नि.नं.२२ धनगढी उप.म.न.पा.वडा नं.२ मा सब्जीमण्डी देखी पुरानो भन्सार रोड हुदै मोहना सम्मको नाली सहितको पक्की सडक निर्माणका लागी आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.२३ लागु औषध नियन्त्रण सम्वन्धी कार्यक्रम कार्यान्वयन सम्वन्धमा नेपाल सरकार, गृह मन्त्रालयवाट प्राप्त मार्गदर्शन स्वीकृत गरी लागु गर्ने निर्णय गरियो । साथै, नगरपालिकाले यस पूर्व औषधि खरिदका बोलपत्र निर्णय/पशु सेवा शाखाका खरिद निर्णय लगायतका निर्णय समर्थन गरियो ।

नि.नं.२४ धनगढी उप.म.न.पा. वडा नं.९ को मुख्य प्रवेश स्थल संगम टोलमा स्थित उदय सिंह आउजीको घर देखि यस वडा नं.९ को कार्यालय भवन सम्मको मुख्य सडक कालोपत्रे गर्न प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.२५ वडा नं.१५ का वडा अध्यक्ष को विल अनुसारको रु.३५,०००। रकम उपचार खर्चको भुक्तानी न.पा.को आन्तरीक आयवाट लेख्ने निर्णय गरियो । श्रोतको हकमा संवन्धित शिर्षकवाट मिलान हुने गरि खर्च लेखी लेखा सुत्र प्रणाली अनुसार हुने गरी गर्न अख्तियारी दिइयो ।

नि.नं.२६ वडा नं.२ को सब्जीमण्डी देखी पुरानो भन्सार रोड हुदै मोहना सम्मको ढल निकाश सहितको सडक कालोपत्रे र दोहोरो नाली निर्माणका लागी सु.प.प्रदेश सरकार आर्थिक योजना मन्त्रालय कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.२७ वडा नं.२ मा सडक वत्ती व्यवस्थापन शिर्षकको रु.दुई लाखले अपुग हुन गएकोले अपुग रकम रु.९०,०००। विभिन्न सडक ग्रावेल शिर्षकवाट रकमान्तर गरी लेखा को सुत्र प्रणाली अनुसार मिलान गर्ने गरी खर्च गर्न रकमान्तर गर्ने निर्णय गरियो ।

नि.नं.२८ वडा नं.१० को वडा कार्यालय र वडा नं.२ को वडा कार्यालयमा खानेपानीको व्यवस्थापन गर्न लागत अनुसार भुक्तानी लेख्न र सुत्र प्रणाली अनुसार मिलान गरी रकमान्तर गर्न अख्तियारी प्रदान गरियो ।

नि.नं.२९ लेखा सुत्र प्रणाली अनुसार सम्वन्धित शिर्षकवाट रकमान्तर गरी सुत्र व्यवस्थापनमा खलल नपर्ने गरी तपसिल वमोजिमका योजनामा भुक्तानी लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरियो ।

**तपशील:**

| क्रम संख्या | शिर्षक न. | आ.व. २०७६/०७७ छनौट भएका योजना हरु | सम्बन्धित वडा बाट योजना परिवर्तनको माग भई सिफारिस आएका योजनाहरु | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३२८ | ध.उ.म.न.पा १ को सन्त निरंकारीमा सौचालय मर्मत | ध.उ.म.न.पा १ को बिभिन्न ठाउँमा ह्युम्पाईप जडान गर्ने काम | रु.१५२०००।- | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको। |
| २. | १०८ | ध.उ.म.न.पा १ को फर्निचर खरिद | ध.उ.म.न.पा १ को विभिन्न स्थानमा नाली निर्माण | रु. २०००००।- | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको। |
| ३. | ७३ | ध.उ.म.न.पा १ को मिसिनरि | ध.उ.म.न.पा १ को खानेपानी पाईप | रु. ३०००००।- | " |

| | | औजार खरिद | खरिद तथा बिस्तार | | |
|---|---|---|---|---|---|
| ४. | २५३ | ध.उ.म.न.पा १ को केदार टोल अछाम सेवा समिति जाने सडक कालोपत्रे | ध.उ.म.न.पा १ को केदार टोल अछाम सेवा समिति जाने सडक नाली निर्माण तथा कालोपत्रे | रु. १८४०९६५.३५ | " |
| ५. | | ध.उ.म.न.पा १२ जुगेडा सिद्धार्थ नगर स्थित निगाली टोल जाने सडक कालोपत्रे | ध.उ.म.न.पा १२ मिलन चोक चौराह देखि पुर्व तर्फ लगभग १५० मिटर र २५० मिटर दक्षिण तर्फको रोडमा नाली निर्मार र त्यसमाथि कंक्रिट रोलर गिट्टी बिछयाउने काम | रु.८००००० | " |
| ६. | | ध.उ.म.न.पा ७ बेली, राम औतारको घर देखि पश्चिम सडक कालोपत्रे (पिच) | ध.उ.म.न.पा ७ बेली राम औतारको घर देखि पश्चिम तर्फ दोहोरो नाली निर्माण | रु. ५०००००/- | " |
| ७. | | ध.उ.म.न.पा ७- देबरीया, भानु चौक मुर्ति रंगरोगन गर्ने काम | ध.उ.म.न.पा ७ देबरीया मोतिनगर टोलको मोतिराम भट्टको शालिक ब्यबस्थापन ( शालिक पुन: निर्माण, पिल्लर निर्माण तथा मुर्ति रंगरोगन) | रु. ५००००/- | रु. ५०००००रकम थप माग गरिएको |
| ८ | २९१ | ध.उ.म.न.पा १३ मा सडक बत्ति तथा बिद्धुत पोल ब्यबस्थापन | ध.उ.म.न.पा १३ मा रु. ४ लाख सडक बत्तिमा खर्च गर्ने, २ लाख युवाको लागि ड्राइभीङ् तालिम संचालन गर्ने र १ लाख चौधरी समुदायको संस्कृति संवर्द्धन लागि खर्च गर्ने गरि योजना परिमार्जन | रु. ७०००००/- | ४ लाख सडक बत्तिमा खर्च गर्ने, २ लाख युवाको लागि ड्राइभीङ् तालिम संचालन गर्ने र १ लाख चौधरी समुदायको संस्कृति सम्बर्दनको लागि खर्च गर्ने भनि योजना परिमार्जन सम्बन्धि सिफाफिस आएको। |
| ९. | | ध.उ.म.न.पा ४ नवराज पन्तको घरदेखि उत्तर चक भाटको घरसम्म दोहोरो नाली निर्माण ( शिव पार्वती टोलको अम्बादत्त जोशीको घरदेखि पश्चिम इन्दिरा जोशीको घर सम्म पक्कि नाली निर्माण ) | ध.उ.म.न.पा ४ शिव पार्वती टोलको अम्बादत्त जोशीको घरदेखि पश्चिम इन्दिरा जोशीको घर सम्म पक्कि नाली निर्माण र नवराज पन्तको घरदेखि उत्तर चक्र भाटको घरसम्मको दोहोरो पक्कि नाली निर्माण योजना समयोजन गरिएको। | रु. १५०००००/-<br>रु. ७०००००/- | संसोधन र एकीकरणको सिफाफिस आएको। तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा सोहि बमोजिम गर्नु पर्ने। |
| १०. | | ध.उ.म.न.पा ३ बिशालनगर बिक्रम सिंहको घरदेखि स्वरुपा गीरीको घरसम्म सडक कालोपत्रे | ध.उ.म.न.पा ३ सडकको अन्तिम प्वाईन्ट देखि पुष्पलाल आचार्यको घर हुदै मुख्य सडकको नाली सम्म पक्कि नाली निर्माण | रु. ५०००००/- | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको। |
| ११. | | ध.उ.म.न.पा २ सरस्वतीनगर श्रीलंका टापु नयाँ बस्ति देखि पुर्व नयाँ पुल सम्मको बाटो कालोपत्रे | ध.उ.म.न.पा २ सरस्वतीनगर श्रीलंका टापु नयाँ बस्ति देखि पुर्व नयाँ पुल सम्मको कैलाली नाला तटबन्ध | रु. १००००००/- | सोहि ठाउमा प्रदेशको योजना परेकोले परिवर्तन गर्नु परेको |
| १२. | | ध.उ.म.न.पा १४ शिवालयको धर्मशाला निर्माण र शिवालयको भवनको छाना निर्माण | उ.म.न.पा १४ शिवालयको धर्मशाला निर्माण र शिवालयको भवनको छाना निर्माण | रु. ५००००<br>रु. ५०००० | एकीकृत गरि एउटै योजना बनाईदिने सिफाफिस आएको । तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा सोहि बमोजिम गर्नु पर्ने। |
| १३. | | ध.उ.म.न.पा ४ शिवपुरीधामको सामुदायिक भवन निर्माण | ध.उ.म.न.पा ४ शिवपुरीधामको मूलद्वारमा गेट निर्माण र क्यारी बनाई माटो भरन गर्ने कार्य | रु. ४००००० | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको। |
| १४. | | धनगढी उप महानगरपालिका १ मा शिव मन्दिर निर्मार<br>धनगढी उप-महानगरपालिका वडा न. ८ मा शिब मन्दिरमका माटो | धनगढी उप महानगरपालिका १ र ८ मा शिव मन्दिर निर्माण र शिब मन्दिरमका माटो फिलिंग र वाल निर्माण (एकीकरण) | ५०००००<br>५००००० | योजना एकीकरणको सिफाफिस आएको ।तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फिलिंग र वाल निर्माण | | | सोहि बमोजिम गर्नु पर्ने। |
| १५. | | धनगढी उप महानगरपालिका वडा न. ७ पटेला अमरलाल चौधरीको घर जाने सडक कालोपत्रे र देवरिया/पटेला सडक र अमरलालको घर जाने सडक कालोपत्रे निर्माण | धनगढी उप महानगरपालिका वडा न. ७ मा अमरलाल चौधरीको धर देखि देवरिया/पटेला डुन्ड्र नाला कालोपत्रे सडक निर्माण र धनगढी उप-महानगरपालिका पटेला सडक निर्माण (एकीकरण) | रु. २४००००० रु. २०,६२८८० | योजना एकीकरण गरिएको । तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा सोहि बमोजिम गर्नु पर्ने। |
| १६. | | ध.उ.म.न.पा ५ मनोरमा श्रेष्ठको घरदेखि पश्चिम जाने सडक कालोपत्रे | ध.उ.म.न.पा ५ मनोरमा श्रेष्ठको घरदेखि पश्चिम जाने सडक कालोपत्रे (यस वडाको लागि फर्निचर खरिद सी.न. ९१ बाट रकम स्थान्तरण हुने) | रु. ६०००० रकम स्थान्तरण | सी.न. ९१ बाट रकम स्थान्तरण हुने |
| १७. | | ध.उ.म.न.पा. ५ सडक बत्ति ब्यबस्थापन (यस वडाको लागि फर्निचर खरिद सी.न. ९१ बाट रकम स्थान्तरण हुने | सडक बत्ति ब्यबस्थापन (यस वडाको लागि फर्निचर खरिद सी.न. ९१ बाट रकम स्थान्तरण हुने | रु. १५०००० रकम स्थान्तरण | सी.न. ९१ बाट रकम स्थान्तरण हुने |
| १८ | | ध.उ.म.न.पा. ५ गौरा महेश्वर मन्दिर तारानगर गडसरी टोलमा बत्ति जडान | नयाँ योजना सी.न. ९१ बाट रकम स्थान्तरण हुने | सी.न. ९१ बाट रकम स्थान्तरण हुने | सी.न. ९१ बाट रकम स्थान्तरण हुने |
| १९ | | ध..म.न.पा ५ बार्षिक खरिद योजनाको सिरियल नो २९१ मा उल्लेख भएको जाई महेश चन्दको घर जाने बाटोको पुरै रकम र फर्निचर खरिद शिर्षक बाट थप हुने रकम | ध.म.न.पा ५ जोधानी चौधरीको घर जाने बाटो कालोपत्रे तारानगर | रु. ६७५००० | सी.न. ९१ बाट १,७५००० रकम स्थान्तरण हुने |
| २० | ४७० | ध.उ.म.न.पा २ मा च्याउ खेतीका लागि टहरा निर्माण | ध..म.न.पा २ च्याउ खेतीका लागि टहरा निर्माण गरि च्याउ खेति गर्ने | रु. ४००००० | नाम संसोधन |
| २१. | ७९ | ध..म.न.पा १४ माच्याउ खेति मेसिन मर्मत | ध..म.न.पा १४ च्याउ खेति मेसिन मर्मत र च्याउ खेति गरि | रु. १००००० | शंसोधन |
| २२. | | धनगढी उप महानगरपालिका ३ को कान्तिपुर टोल केशव एरीको घरसम्म सडक कालोपत्रे | धनगढी उप महानगरपालिका ३ को सोहि स्थानमा दोहोरो पक्कि नाला निर्माण | रु. ५००००० | परिवर्तन |
| २३. | | ध.उ.म.न.पा १९ मा कार्यालय ब्यबस्थापन खर्च | ध.उ.म.न.पा १९ मा कार्यालय ब्यबस्थापन खर्च | रु. २००००० | रातो किताबमा छुट भएको |
| २४. | | ध.उ.म.न.पा १९ मा वृक्षारोपण र बाटो ग्राभेल विविध योजना | ध.उ.म.न.पा १९ मा वृक्षारोपण र बाटो ग्राभेल विविध योजना | रु. ५००००० | रातो किताबमा छुट भएको |
| २५. | १७१. | ध.उ.म.न.पा ३ वडहरा भुपेन्द्र बोहोराको घर सम्म सडक कालोपत्रे | ध.उ.म.न.पा ३ वडहरा स्थित राम बहादुर कटुवालको घर हुदै जनता नि.मा.वि. विसालनगरसम्म सडक कालोपत्रे | रु. ७००००० | परिवर्तन |
| २६. | ३२५ | ध.उ.म.न.पा-१ पूर्ण खनालको घर देखि ईश्वरि कठायतको घर सम्म नाली निर्माण ग्रेबल सहित | ध.उ.म.न.पा-१ पूर्ण खनालको घर देखि ईश्वरि कठायतको घर सम्म नाली निर्माण पी.सी.सी. सहित | रु. १०००००० | योजना परिवर्तन। |
| २७ | | धनगढी उप-महानगरपालिका ३ सरोज मेडिकल भित्र जाने सडक पि.पि.सि.गर्ने काम | धनगढी उप-महानगरपालिका ३ सरोज मेडिकल भित्र जाने सडकको दाया वाया पक्की नाली निर्माण गर्ने र सोको लागी थप रकम ज्ञानु प्लाजाको योजनावाट वचेको रकमलाई स्थानान्तरण गर्ने | रु.२०००००० | योजना सम्झौता भई सकेको र ज्ञानु प्लाजावाट रकम नवच्ने व्यहोराको प्राविधिक प्रतिवेदन पेश भएकाले परिवर्तन गर्न नसकिने। |
| २८. | | धनगढी उप-महानगरपालिका - ३ गोविन्द भडेलको घर सम्म सडक | सोहि योजनामा थप ५०मि. सडक कालोपत्रे गर्ने। | रु. ९००००० | थप रकम आगामी वजेटमा समावेश गर्ने गरी काम अघि वढाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कालोपत्रे | | | |
| २९. | | धनगढी उप महानगरपालिका- ४ स्थित शिवपुरीधाम अन्तरगत नमोदेव नगर नामादेव मन्दिर बहुमुखी सेवा केन्द्र भवनको झ्याल ढोका रङ्ग रोगन र अन्य मर्मत सम्भार | धनगढी उप महानगरपालिका- ४ स्थित शिवपुरीधाम अन्तरगत नमोदेव नगर नामादेव मन्दिर बहुमुखी सेवा केन्द्र भवनको झ्याल ढोका रङ्ग रोगन र अन्य मर्मत सम्भार | रु. ३०००००० | काम थपिएको। |
| ३०. | १६१ | धनगढी उप-महानगरपालिका - १३ विभिन्न सडक ग्राभेल | सोहि योजना मध्ये रु. १ लाख कैलाली गाउँमा क्रिकेट खेलका लागि बाकि रकम विभिन्न सडक ग्राबिल गर्ने । | रु. ७००००० | आवस्यकता अनुसार काम थपिएको। |
| ३१. | ३०७ | धनगढी उप-महानगरपालिका - १३ माछा पोखरी पन्तजीको घर जाने सडकमा पक्की नाली निर्माणं | धनगढी उप-महानगरपालिका - १३ माछा पोखरी पन्तजीको घर जाने सडकमा कालोपत्रे | रु. ५००००० | योजना परिवर्तनको सिफाफिस आएको |
| ३२. | २१५ | धनगढी उप-महानगरपालिका -१३ वडा कार्यालय पूर्वको अघुरो पक्कि नाली र सडक कालोपत्रे | धनगढी उप-महानगरपालिका -१३ वडा कार्यालय पूर्वको अघुरो पक्कि नाली निर्माण | रु. १५००००० | बजेट अपुग भएकोले नाली निर्माण मात्र गर्न सकिने सिफाफिस आएको । |
| ३३. | | ध.उ.म.न.पा.६ स्थित भैरववावा मन्दिर पुर्व दलित वस्ती जाने सडक कालोपत्रे | नजरिया टोल ट्रान्समिटर देखि पश्चिम अर्जुन महतको घरसम्म सडक कालोपत्रे र सुर्योदय टोल छविलालको घरदेखि पश्चिम जंग वहादुरको घरसम्म १७५ मि.सडक कालोपत्रे | रु.७,००,०००। | |
| ३४ | | ध.उ.म.न.पा.१७ मा वडा कार्यालयको लागी ट्रस भवन निर्माण | ध.उ.म.न.ा.१७ हिरापुर टोल ( डायमण्ड चोक) मा प्रतिक्षालय निर्माण । | | |

नि. नं. ३०

यस धनगढी उपमहानगरपालिका लाई ब्यबस्थित एवं योजनावद्ध बिकास गर्ने उद्देश्यले यस उप- महानगरपालिका भित्र जग्गा प्लटिङ्ग गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्बन्धित निकाय बाटअनुमति लिएर वा नलिई जग्गा कुनै प्रकारले खण्डीकरण (कित्ताकाट) गर्दा अनिवार्य रुपमा सात मिटर बाटो छोड्नुपर्ने र कित्ताकाट गर्दा ब्लक राख्न नपाईने निर्णय गरियो ।

नि.नं.३१ निकट भविष्यमा न.पा.ले गर्न लागेको विकास सम्मेलनमा लाग्ने अनुमानित खर्च रु.१५ लाख लेखा सुत्र प्रणाली मिलान गराइ रकमान्तर गरी खर्च गर्ने अख्तियारी प्रदान गरियो । खर्च श्रोतको हकमा विशिष्ट पदाधिकारी भ्रमण खर्चवाट भुक्तानी लेख्ने र अन्य खाजा खाना खर्च विविध शिर्षकवाट खर्च लेख्ने निर्णय गरियो । साथै, न.पा.ले इन्डक्शन चुलो र फलामे चुलो खरिद गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र खुमलटार संग खरीद सम्झौता गर्ने निर्णय गरियो । श्रोतको हकमा न.पा.को भैपरी पूँजिगत शिर्षकबाट भुक्तानी लेखी लेखा सुत्र प्रणाली अनुसार मिलान गर्ने निर्णय गरियो । विकाश सम्मेलनको सूचना प्रचार प्रसार, लोगो स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गर्न रु.एक लाख बजेट विनियोजन गरी खर्चको श्रोतको हकमा उल्लिखित रु.१५ लाख भित्र रही खर्च गर्ने नपुग भएमा विविध, सूचना संचार, भैपरी, पूँजिगतबाट खर्च लेख्ने निर्णय गरियो ।

नि.नं.३२ न.पा.ले सवै शाखा महाशाखावाट मिति २०७६।१०।१६ सम्म गरिएका सार्वजनिक खरिदका निर्णयलाई समर्थन गरी स्वीकृत समेत गर्ने निर्णय गरियो । साथै, स्वास्थ्य शाखा, कृषि शाखा, पशु सेवा शाखाका सामान्य तर तत्काल सेवा दिनु पर्ने खरिद प्रकियालाई समर्थन गरियो ।